उपा-अध्यक्ष श्री ममता महतो ज्यु

गाउँ सभाका सदस्य ज्युहरु

प्रमुख प्रशासकीय अधिकृत ज्यु

सुरक्षा निकायका प्रतिनिधि ज्यु

बिषयगत शाखाका प्रमुख ज्यु

पत्रकार मित्र ज्युहरु

यस गाउँपालिकामा कार्यरत कर्मचारी साथीहरु

उपस्थित सम्पूर्ण महानुभावहरु

सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक साशन निर्माणका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन तथा मधेश आन्दोलनलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञातअज्ञात बीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण शहिद परिवारहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । जनप्रतिनीधि मुलक संविधान सभाबाट हालै घोषणा भएको नेपालको संविधान कार्यान्वयनका क्रममा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि संविधानमा व्यवस्था भएको स्थानीय तहको स्थानीय सरकारको तर्फबाट यस गरिमामय पर्टेवा सुगौली गाउँ कार्यपालिकाका प्रथम गाउँसभामा आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेको छु। यस प्रथम गाउसभामा हाम्रो आमन्त्रणालाई स्वीकार गरि पाल्नु भएको प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत सम्पुर्ण महानुभावहरुमा गाउपालिकाको तर्फवाट र मेरो व्यतिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्न चाहन्छु ।नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम चालु आ.व.. २०७४/०७५ को अनुमानित निति, कार्यक्रमहरु तथा बजेट यहाँहरु समक्ष प्रस्तुत अवसर पाएकोमा म लगायत सिङ्गो गाउपालिका परिवार हर्षित भएको छ ।

नेपालको संविधान जारी भएसँगै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रत्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक हक र मानव अधिकार, नागरिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् । राष्ट्रिय एकता, समता र समन्यायका साथै समाजवाद उन्मुख आर्थिक समृद्धि कायम गर्ने अधिकार, साधन, स्रोत, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण गरी सार्वभौमसत्तासम्पन्न जनतालाई वास्तवमै अधिकार सम्पन्न बनाउने निर्णय लिइएको छ । लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई गाउँगाउँमा सिंहदरबारको अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा आएको छ । बार्षिक वजेट तथा कार्यक्रम तयार गर्दा सहभागितामुलक योजना तर्जूमा प्रकृयाको अवलम्बन गरिएको छ अर्थात स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राथमिकिकरण मापदण्डको आधारमा टोल बस्तीबाट माग भैआएका योजना / कार्यक्रमहरुलाई वडा समितिमा छलफल भै प्राथमिक्ता तोकी बिषयक्षेत्र छुटयाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमापेश भई गाउपालिकाबाट समेत सिफारिस भएका योजना कार्यक्रमलाई प्राथमिक्तामा राखिएको छ । योजना तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेको उदेश्य, सिद्वान्त तथा नीतिहरु, राष्ट्रिय लक्ष्यहरु, क्षेत्रगत योजनाहरुलाई मुख्य आधार बनाइएको छ । यसैगरी स्थानीय

सरकर संचालन ऐन २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४लाई आधार मानी सो को पालना गरिएको छ । योजना तर्जुमा, कार्यान्वयन र अनुगमन एवं सर्वसुलभ ढंगले आम पर्टेवा सुगौली गाउपालिका बासी समक्ष घरदैलोमै सेवा प्रवाह गर्ने दायित्व लिई जनतामुखी नीति, कार्यकम तथा बजेटलाई सन्तुलित, जनमुखि र अग्रगामी बनाउन गाउपालिका हरसम्भव प्रयत्नशील रहेको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

आदरणीय उपस्थित महानुभावुहरु

चालु आर्थिक वर्षको नीति, कार्यकम तथा बजेट प्रस्तुत गर्नु अघि म पर्टेवा सुगौलीको संक्षिप्त बस्तुस्थिति प्रति ध्यानाकर्षण गराउन चाहन्छु ।

## १.१ स्थानीय तहको संक्षिप्त परिचय

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने नारायणी अञ्चलको पाच जिल्लाहरु मध्येको एक पर्सा जिल्लाको सदरमुकाम बीरगञ्ज देखि २४ कि.मी. उतर पश्चिममा साविक चार गाउँ विकास समितिहरु पटेर्वा सुगौली,निचुटा,गादी र सोनबर्षा संयोजन भई हाल २ नं. प्रदेश अन्तर्गत पटेर्वा सुगौली गाउँपालिका मिति २०७३।११।२७ गते गठित स्थानीय तह हो । भौगोलिक रुपमा सुगम रहेको पटेर्वा सुगौली गाउँपालिकाको पर्यटकीय,कृषि व्यवसायिक वातावरणिय लगायतका बिभिन्न बहुयामिक पक्षहरुबाट महत्वपुर्ण पहिचान रहेकोछ । पटेरको झाडी फडानी गरी बस्ति बसाईएको र त्यही पटेरको नामबाट पटेर्वा सुगौली नामाकरण गरिएको हो । जिल्लाकै महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल दुग्द्धेश्वर महादेव यस गाउँपालिकालाई थप पहिचान दिएको छ । यसका साथै पटेर्वा सुगौली गाउँपालिका अन्तर्गत रहेको समतल भुमी, हरियो बन काठ, दाउरा,जडीबुटी संकलनबाट आम्दानी तथा पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो ।

### १.१.१ पटेर्वा सुगौली गाउँपालिकाको राजनैतिक विभाजन

प्रदेश नं. २
जिल्लाः पर्सा
वडा संख्या ५

### १.१.२ भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : .६४.२९ वर्ग कि.मी.
जनसंख्या :२३९०१
पूर्व : सखुवा प्रसौनी गाउँपालिका
पश्चिम : जिराभवानी र जगरनाथपुर गाउँपालिका
उतर : पर्सा बन्य जन्तु आरक्ष
दक्षिण : जगरनाथपुर गाउपालिका

### १.१.३ प्रमुख नदी नाला

यस गाउँपालिका क्षेत्रमा पर्ने सबै भन्दा ठुलो नदी झलुवाही नदी भारतको सिमाना पुगी सिकराहना नदीमा मिसिन पुग्द छ । जमुनिया नदि,डोडा खोला आदि यस भित्र नै पर्दछ ।

### १.१.४ धर्म संस्कृति र जातजातिहरु

यस गाउँपालिकाको क्षेत्रमा हिन्दु, मुशलिम नगन्य मात्रामा बौद्ध धार्मालम्बीहरुको बसोबास रहेको छ । यस क्षेत्रमा दशैं, तिहार ,छठ, माघे संकान्ति, ईद, बकिद, लोहसार लगायतका पर्वहरु मनाईने गर्दछन । यसका अलावा थारु समुदायमा घाटो, ब्रम्ह पुजा गर्ने गरिन्छ । यस क्षेत्रमा थारु , तेली , यादव, कुर्मी,माझी, मुसहर, चमार डोम, हलखोर , मुसलमान, क्षेत्री, बाहुन, भोटे, नेवार, तमाङ, कामी, सार्की, दुसाद, चौरसिया, बिन, मल्लाह,कमकर, तुरहा, कोहार आदी लगायतका जनजातीहरुको मिश्रित बसोवास रहेको छ । यस क्षेत्रमा बहुभाषिक, बहुसंस्कृति, बहुजातिय बिषेशताले भरिएकोले धार्मिक सहिष्णुता र समाजिक सदभाव यस क्षेत्रको अभिन्न चिनारी रहेकोछ ।

### १.२ बिधामान अवस्थाको समिक्षा

#### १.२.१ सबल पक्ष

पर्टेवा सुगौली गाउँपालिका एक कृषि प्रधान गाउँपालिका हो । यस क्षेत्रमा रहेको उर्वर कृषि भुमीलाई व्यवसायिक तरिकाले सदुपयोग गरी मनग्य आम्दनी गर्ने सम्भावनाहरु रहेका छन । यस क्षेत्रमा रहेका भलुवाही नदी, जमुनिया नदी,डोडा खोला, नौरंगिया खोला र सामुदायिक बनबाट पनि आम्दानी प्राप्त गर्ने सम्भावना प्रवल रहेको छ । दुग्देश्वर महादेव, गादी माई, भुमरी माई, बनसप्ती माई लगायतका क्षेत्रहरुको धार्मिक तथा पर्यटकीय विकासका सम्भावना कायम रहेको छ । यस क्षेत्रमा धान,गहु,मकै, माछा पालन,कुखुरा पालन,उखु खेती, तरकारी खेती, सुर्ती, मसुरो, तोरी लगायतका तेलहन दलहन खधान्न तथा नगदे वालीको पर्याप्त मात्रामा आम्दानी गरी निर्वाहमुखीबाट व्यवसायिक कृषि तर्फ उन्मुख हुन सकिने अवस्था रहेकोछ ।

#### १.२.२ कमजोर पक्ष

भौगोलिक सुगमता रहेता पनि यस क्षेत्रमा यातायातको संजाल विस्तार गर्न सकिएको छैन । विकासका पुर्वाधारहरुको यथेष्ट मात्रामा विस्तार गर्न सकिएको छैन । मानव विकास एवम् शिक्षाको विकासमा निकै पछाडी परेको छ । शैक्षिक अवस्था राष्ट्रिय स्तर भन्दा न्युन रहेकोछ । खासगरी आर्थिक एवम् सामाजिक रुपले विपन्न र दलित बर्गका उमेर पुगेका धेरै बालबालिकाहरु अहिले पनि विद्यालय बाहिर छन । विद्यालय गईरहेका बालबालिकाहरु मध्ये पनि आधारभूत शिक्षा पुरा नगरीकन नै बीचमा छाड्ने कम रहेको छ । सामुदायिक विद्यालयको एस एल सी को नतिजालाई विश्लेषण गर्दा अंग्रेजी माध्यमबाट पढाउने नीजि विद्यालयहरुको तुलनामा निकै कमजोर रहेको छ । स्वास्थ्य कर्मी स्वास्थ्य संस्थाहरुको गुणस्तर बृद्धी गर्न नसकिएका कारण प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभुत गर्न सकिएको छैन । छुवाछुत, दाईजो प्रथा,बोक्सी आदी सामाजिक कुरितिहरु अझ पनि समाजमा बिधामान छ । त्यस्तै भोज भतेर, विबाह, बर्तबन्धमा फजुल खर्च भईरहेको अवस्था छ । कृषि तथा पशुजन्य पैदावार बाहिर निर्यात गरेता पनि विविधि कारणको कमी तथा खाने, लगाउने,बानी ब्यहोरा (feeding habit ) को कमीको कारणले गर्दा बालबालिकाहरु कुपोषित अवस्थामा छन ।शीशु मृत्युदर अहिले पनि उच्च छ । यस गाउपालिकामा खोपको पूर्णता पाएको छैन भने संस्थागत सुत्केरी निर्मुल भएको छैन, सरसफाईको दृष्टिकोणले हेर्दा अहिले सम्म २ वटा वार्डलाई मात्र खुला दिशामुक्त घोषणा भएको छ र करिब आधा जति घरघुरिमा मात्र शौचालयको पहुंच पुगेको छ । आन्तरिक आयश्रोतको कमजोर स्थिति र केन्द्रिय अनुदानप्रतिको बढ्दो निर्भरताले दिगोरुपमा कार्यक्रमहरु संचालन गरी सम्पन्न गर्न अप्ठयारो परेको छ । महिलाहरुलाई विकासको मूल प्रवाहमा समाहित गर्न अझै धेरै गर्न बाकी छ । महिला, बालबालिका, आर्थिक तथा सामाजिक रुपमा पिछिडिएको वर्ग, क्षेत्र, समुदायलाई लक्षित गरि विकासका कार्यक्रमहरु संचालन गर्ने र प्राप्त प्रतिफलको सन्तुलित

र न्यायोचित वितरणको सुनिश्चितता गरी सबैलाई मुलप्रवाहमा समेट्नु आजको टडकारो आवश्यकता महसुस गरिएको छ ।

### १.२.३ अवसरहरु

पटेर्वा सुगौली गाउँपालिका दुग्देश्वर महादेव, गादी माई, भुमरी माई, बनसप्ती माई लगायतका क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने अवसर रहेकोछ । पर्सा बन्यजन्तु आरक्षको केहि भाग यस गाउँपालिकाको क्षेत्र भित्र परेको हुदा पर्यटनको विकास गर्न सकिने अवसर सृजना भएकोछ । यस क्षेत्र भित्र पर्ने भलुवाही नदी,जमुनीया नदी विभिन्न सार्वजानिक पोखरीलाई व्यवस्थित गरी आम्दानी गर्न सकिने सम्भावना छ। यसै गरी यस क्षेत्रमा पाईने बन पैदवार तथा कृषि उत्पादनलाई व्यवसायिक्ता तर्फ उन्मुख गराउन सकिने सम्भावना कायम रहेकोछ । यस गाउँपालिकालाई धान उत्पादनको पौकेट गा.पा.को रुपमा घोषणा गर्न सकिने सम्भावना छ । यस गा.पा.मा धान उत्पादनलाई व्यवसायिक करण र यान्त्रिककरण गरी उत्पादन र उत्पादकत्व थप अभिबृद्धि ल्याउन सकिने ठुलो सम्भावना रहेकोछ । व्यवसायिक पशु पालन, कुखुरा पालन र माछा पालनको पनि त्यतिकै सम्भावना तथा अवसर रहेको अवस्था देखिन्छ । आलुको पकेट क्षेत्र र उखु वालीलाई जोड दिनसके र यसलाई अझ व्यवसायिकरण गर्न सके थप अवसरहरु सिर्जन ।गर्न सकिन्छ ।

### १.२.४ चुनौतीहरु

दुई दशक पछि पटेर्वा सुगौली गाउँपालिकामा जनप्रतिनिधि बिहिन अवस्था पार गरेको छ । जनताका असिमित चाहना र आकांक्षाहरुको क्रम बढदो छ । गाउपालिकाको आन्तरिक राजश्व न्युन रहेको छ र राज्यको सिमित श्रोत र साधनबाट सबै आकाक्षाहरु सम्बोधन गर्नु चुनौतीको विषय भएको छ ।

यसै बिच राज्यले शासन व्यवस्थामा संघियताको नयाँ अभ्यास स्थानीय सरकारको काधमा आई सकेकोले स्थानीय तहको सफल कार्यान्वयन गर्ने युगान्तकारी जिम्मेवारीलाई सफलता पुर्वक अवतरण गर्ने दायित्व थपिएकोछ । विविध कारणबाट राज्यको मुल प्रवाहीकरणबाट बन्चित भएका समुदायहरुलाई गतिशिल शासन पद्धतिमा समाहित गर्दै लैजानुपर्ने जिम्मेवारीहरु युगले प्रदान गरेकोछ । गुणस्तरिय शिक्षा सर्वसुल्भ स्वास्थ्य, यातायातको पहुच, दिगो आवास , खाध सुरक्षा गुणस्तरिय जिवनको प्रत्याभुत गर्न कटिबद्ध भई लाग्नु पर्ने भएकोछ । नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु पुरा गर्न, विकासका लक्ष्यहरुको प्राप्तीको साथै मानव विकास सुचकांकमा उलेख्य सुधार गनुपर्ने अवस्था रहेकोछ । सुशासनको प्रत्याभुत गराई जन स्तरमा राज्यको उपस्थितिको बोध गराउदै राज्य र राष्ट्र निर्माणलाई सुद्धढ बनाउदै लैजानुपर्ने अवस्था बिधामान रहेकोछ ।

यी चुनौतिहरु हुँदा हुँदै पनि विकास प्रति जनतामा उत्साह र जागरण भएकोले नेपाल सरकार तथा दातृ निकाय, नागरिक समाज तथा गैर सरकारी संस्थाबाट विकास प्रकियाका.लागी प्राप्त हुने अनुदान तथा सहयोगबाट लगानी एवं जनसहभागिता अभिवृद्धि गरी विकास प्रकृयालाई अगाडि बढाउन सकिने सम्भाबना विधमान रहेको छ । यिनै विविध संभावनाहरुको उचित परिचालन र समुचित उपयोगबाट पर्टेवा सुगौलीको विकासमा फड्को मार्न सकिन्छ । गाउपालिकाको समग्र विकासको सवालमा कार्यप्रणालीहरुमा अझ सुधार गरी विकास कार्यहरुलाई अझ बढी पारदर्शी, एकिकृत, समन्वय, सहकार्य र साझेदारी अवधारणाबाट अघि बढाउन जरुरी छ । गाउपालिकाको समग्र बस्तु स्थितिको आधारमा सहभागितात्मक अवधारणा अनुरुप जनताको आवश्यकता र मागलाई उजागर हुने

गरी विकासका उच्च संभावनायुक्त क्षेत्रमा लगानीलाई केन्द्रित गर्दै  दिगो विकासलाई संस्थागत गर्नुपर्ने आवश्यक देखिन्छ ।

**१.२ बार्षिक नीति बजेट तथा कार्यक्रम तर्जुमा लागि अवलम्बन गरिएका  पद्धति**

बार्षिक वजेट तथा कार्यक्रम तयार गर्दा सहभागितामुल योजना तर्जुमा प्रकृयाको अवलम्बन गरिएको छ अर्थात स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राथमिकिकरण मापदण्डको आधारमा टोल बस्तीबाट माग भै आएका योजना / कार्यक्रमहरुलाई वडा समितिमा छलफल भै प्राथमिक्ता तोकी बिषयक्षेत्र छुटयाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई गाउपालिकाबाट समेत सिफारिस भएका योजना कार्यक्रमलाई प्राथमिक्तामा राखिएको छ । योजना तर्जुमा गर्दा नेपालको संविधानले निर्दिष्ट गरेको उदेश्य, सिद्वान्त तथा नीतिहरु, राष्ट्रिय लक्ष्यहरु, क्षेत्रगत योजनाहरुलाई मुख्य आधार बनाइएको छ । यसैगरी स्थानीय सरकर संचालन ऐन २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ लाई आधार मानी सो को पालना गरिएको छ । योजना तर्जुमा, कार्यान्वयन र अनुगमन एवं सर्वसुलभ ढंगले आम पर्टेवा सुगौली गाउपालिका बासी समक्ष घरदैलोमै सेवा प्रवाह गर्ने दायित्व लिई जनतामुखी नीति, कार्यक्रम तथा बजेटलाई सन्तुलित, जनमुखि र अग्रगामी बनाउन गाउपालिका हरसम्भव प्रयत्नशील रहेको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

**१.३  बजेट तर्जुमाका सैद्धान्तिक आधारहरु र योजना प्राथमिकिकरणका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।**

**आ.व.२०७४।०७५ को बजेट तर्जुमाका सैद्धान्तिक आधारहरुः**

नेपालको संविधान,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
स्थानीय तहको योजना तथा बजेट तजुमा दिग्दर्शन, २०७४,
राजश्व परामर्श समितिको प्रतिवेदन
स्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान
बजेटको सिद्धान्त, उदेश्य र प्राथमिक्ता
विषयगत समितिहरुबाट प्राप्त सुझावहरु,

**योजना प्राथमिकिकरणका आधारहरु**

*आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
*उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
*जनताको जीवन स्तर, आम्दानी र रोजगार बृद्धि गर्न सकिने
*स्थानीय बासिन्दाहरुको सहभागिता जुटने , स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
*स्थानीय श्रोत साधन र शीपको अधिक्तम प्रयोग हुने
*महिला, वालबालिका, तथा पिछिडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
*लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने

*दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बद्धन गर्न सघाउ पुर्‍याने ।
*भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याने ।